**नेपाल सरकार**
**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**
**सिंहदरबार, काठमाडौ ।**

# सूचिदर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७४/०४/०१

यस मन्त्रालयको लागि आर्थिक वर्ष २०७४/०७५ मा आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न मालसामान, निर्माण कार्य वा सेवाकार्य खरिद/आपूर्ति गर्न गराउनको लागि इच्छुक इजाजत प्राप्त दर्तावाला व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची (Standing List) दर्ताको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु. १०।- को टिकट टाँसी नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७२/०७३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई निवेदन साथ संलग्न राखी यस मन्त्रालयको दर्ता शाखामा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना (www.peace.gov.np)मा समेत हेर्न सकिने छ ।

**तपसिल**

१. स्टेशनरी मालसामानहरु (मसलन्द तथा विविध) आपूर्ति सम्बन्धी कार्य ।
२. छपाई सम्बन्धी कार्य ।
३. काठ तथा स्टिलका फर्निचर तथा फ्लोरिङ्ग आपूर्ति तथा मर्मत कार्य ।
४. कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, यूपिएस, एयर कण्डिसन, फ्याक्स मेसिन, स्क्यानर मेसिन आदि मेशिनरी तथा इलेक्ट्रिक सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
५. दैनिक पिउने पानी (जार तथा बोतल सिलप्याक) आपूर्ति सेवा ।
६. विज्ञापन, सूचना तथा अन्य प्रकाशन एवं प्रसारण सेवा ।
७. हवाइटिकट (स्वदेश तथा विदेश) आपूर्ति सम्बन्धी सेवा ।
८. चिठ्ठिपत्र, पार्सल ढुवानी सम्बन्धी (स्वदेश तथा विदेश) कुरियर सेवा ।
९.. सवारी साधन (मिनिबस, कार, जीप, भ्यान, मोटरसाइकल आदि) को पार्टपूर्जा आपूर्ति तथा तिनको मर्मत सम्बन्धी कार्य ।
१०. टेलिफोन, नेटवर्क, इन्टरनेट, इलेक्ट्रिकलाइन मर्मत तथा विस्तार सेवा ।
११. भवन मर्मत, ढल मर्मत सुधार, कोठा पार्टेशन, रंगरोगन र निर्माण सम्बन्धी कार्य ।
१२.परामर्श सेवा खरिद सम्बन्धी कार्य (कानूनी सेवा, प्राविधिक परामर्श सेवा, जनशक्ति विकास सम्बन्धी सेवा आदि) ।
१३. शान्ति प्रबर्द्धनका लागि प्रचार सामाग्री निर्माण तथा विद्युतीय माध्यमबाट मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरु प्रसारण सम्बन्धी कार्य ।
१४. सफ्टवेयर निर्माण सम्बन्धी कार्य ।
१५. पत्रपत्रिका आपूर्ति सेवा

**शर्तहरु**

- मथि उल्लिखित मालसामान, निर्माण कार्य, सेवा, मर्मत आदि प्रत्येक विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनुपर्नेछ ।
- रित नपुगी र म्याद नाघी मन्त्रालयमा प्राप्त भएका दरखास्तलाई मान्यता दिइने छैन । प्राप्त दरखास्त स्वीकृत गर्ने नगर्ने अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।
- मुल्य अभिवृद्धिकरमा दर्ता भएको र आ.व. ०७२/०७३ मा नविकरण भएको ।
- करचुक्ता प्रमाण पत्रको प्रतिलिपि आ.व. २०७२/०७३ को पेश गर्नु पर्ने ।
- एकभन्दा बढी प्रयोजनमा सूचीकृत हुन चाहनेले प्रत्येक कार्यको लागि छुट्टाछुट्टै निवेदन दिई सूची दर्ता गराउनु पर्नेछ ।
- सम्पर्कको लागि फ्याक्स, मोबाइल, टेलिफोन नं., सम्पर्क व्यक्तिको नाम अनिवार्य रुपले निवेदनमा उल्लेख गर्नुपर्नेछ ।
- कुनै स्वदेशी तथा विदेशी संस्था वा कम्पनीको आधिकारिक विक्रेता वा आपूर्तिकर्ताको प्रमाण, विगतमा गरेको कामको अनुभवको प्रमाण भए निवेदन साथ संलग्न गर्नुपर्नेछ ।
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको, कालोसूचीमा नपरेको व्यहोरा फर्म कम्पनी स्वयंले घोषणा गरी निवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
- सूचीकृत भएका फर्महरु मन्त्रालयको वेभ साइट **www.peace.gov.np** मा र सूचना पार्टीमा प्रकाशन गरिनेछ ।